आज मिति २०७५ साल चैत्र २४ गते यस माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो |

प्रस्ताबहरु:

१.सामाजिक सुरक्षा भत्ता सम्बन्धमा |

२.भौगोलिक वातावरणीय क्षेत्र निर्माण सम्बन्धमा |

३.शिक्षा समितिको निर्णय सम्बन्धमा |

४.पुकरुक-खुक्लीचौर मोटरबाटोमा रकम थप गर्ने संबन्धमा |

५.बालविकास संचालनका लागि अनुमति दिने संबन्धमा |

६.खा.पा.स.टे.को नियुक्ति संबन्धमा |

७.ढुवानी संबन्धमा |

निर्णयहरु:

१.निर्णय नं.१: प्रस्ताब नं.१ माथि छलफल गर्दा यस माण्डवी गा.पा. १ तिराममा यो आ.व.२०७५/०७६ को चौमासिकको सामाजिक सुरक्षा भत्ता नपुग रकम रु.१३,००,००० तेह्र लाख रुपिया वित्तीय समानीकरणबाट खर्च गरी पछि हिसाब मिलान गर्ने निर्णय गरियो |

२.निर्णय नं.२: प्रस्ताव नं.२ माथि छलफल गर्दा माण्डवी गा.पा.-१ तिराममा गणेश मा.वि. मा भौगोलिक वातावरणीय क्षेत्र निर्माणका लागि कालिका विकास केन्द्रको साझेदारीमा गाउँपालिकाबाट रु.५०,००० भैपरी शीर्षकबाट रकम खर्च गर्ने निर्णय गरियो |

३.निर्णय नं.३: प्रस्ताव नं.३ माथि छलफल गर्दा मिति २०७५/१२/२४ गतेको यस माण्डवी गाउँपालिकाको गाउँ शिक्षा समितिको सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो |

४.निर्णय नं.४: प्रस्ताब नं.४ माथि छलफल गर्दा पुकरुक हुदै ओडार खुक्लीचौर मसुरे जोड्ने मोटरबाटोमा नपुग रु. २००,००० भैपरी आउने शीर्षकबाट खर्च गरि कार्यसम्पन्न गर्ने निर्णय गरियो |